# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, पुस २७ गते २०३४ साल [ पूर्वातिरिक्ताङ्क ४६ (क)

श्री ५ को सरकार

**कानून तथा न्याय मन्त्रालय**

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. २९

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४९

## मुलुकी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : मुलुकी ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मुलुकी (सातौं संशोधन) ऐन, २०३४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मुलुकी ऐन अदालती बन्दोवस्तको महलमा संशोधन : मुलुकी ऐन अदालती बन्दोवस्तलाई महलको,–

(१) १ नं. को सट्टा देहायको १ नं. राखिएको छः–

"१ नं.।। ।। कुनै कानूनले कुनै मुद्दा हेर्ने खास अधिकारी तोकिएकोमा सोही अधिकारीले र त्यस्तो कुनै खास अधिकारी नतोकी अड्डा मात्र तोकिएकोमा सो अड्डाका हाकिमले कानूनबमोजिम मुद्दाको कारवाई र फैसला गर्नुपर्छ ।"

(२) ३३ नं. को सट्टा देहायको ३३ नं. राखिएको छः–

"३३ नं. ।। ।। कुनै मुद्दामा साक्षी वा सरजमीनले घूस खाई बक्यो भनी नालिश दिंदा सो बकेको पन्ध्र दिनभित्र दिनुपर्छ । त्यस्तो नालिश पर्दैमा सो साक्षी सरजमीन बकेको मूल मुद्दाको कारवाई किनारा गर्न बाधा हुने छैन । झुट्ठा बकेकोमा सो बापत सोही मूल मुद्दाबाट सजाय हुनेछ ।"

(३) ३४ नं. को सट्टा देहायको ३४ नं. राखिएको छः–

"३४ नं. ।। ।। मुद्दामा विदेशमा रहे बसेको कोही व्यक्तिको नाउँमा समाह्वान, इतलायनामा, म्याद वा बन्दसवाल जारी गर्नु परेमा वा निजसँग केही बुझ्न परेमा देहायबमोजिम गर्नुपर्छ — — — — — — —

नेपाल बाहिर बसेको कोही व्यक्तिको नाममा समाह्वान, इतलायनामा, म्याद वा बन्दसवाल जारी गर्न आवश्यक नैं देखेमा यस सम्बन्धमा श्री ५ को सरकारले नियम बनाई व्यवस्था गरेबमोजिम जारी गरी तामेल गर्न पठाउनुपर्छ । त्यसरी जारी तामेल हुन नसकी त्यस्तो बुझ्नु पर्ने व्यक्ति बुझ्न नसकिएपनि कानूनबमोजिम मुद्दाको कारवाई फैसला गर्न रोकिने छैन— — — — — — — — — — — — — — १

नेपाल बाहिरको अदालतले जारी गरेको समाह्वान, इतलायनामा, म्याद वा बन्दसवाल तामेल गरी पठाउँदा यस सम्बन्धमा श्री ५ को सरकारले नियम बनाई व्यवस्था गरेबमोजिम पारस्परिकताको आधारमा मात्र तामेल गरी पठाउनुपर्छ – – – – – – – – – – – – – – – – – – – २

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) ६५ नं. को ३ दफाको सट्टा देहायको ३ दफा राखिएको छः–

"ऐनबमोजिम वारिस दिंदा मेरो फलानासँगको फलाना मुद्दामा पुर्पक्ष गर्नलाई मेरो सट्टामा ऐनले दिन हुने फलानालाई वारिस गरी पठाएको छु। निजले मुद्दा हारे जितेमा मेरो मन्जूर छ। मुद्दा फैसला हुँदा म आफै हाजिर भै जो परेको बुझाउँला अदालतबाट लागेको दण्ड,जरीवाना,दशौद,आदेशले बाँकी रहेको कोर्टफी, सरकारी बिगो मैले बुझाउन बाँकी छैन नबुझाई बाँकी राखेको ठहरे यो अख्त्यारनामा बदर गरी मुद्दा कानूनबमोजिम होस् भन्ने वारिस दिनेको अख्त्यारनामा र वारिस हुनेको पनि म फलानाको फलाना मुद्दामा ऐनबमोजिम वारिस भएँ। अदालतबाट लागेको दण्ड, जरीवाना, दशौद, सरकारी बिगो, आदेशले बाँकी रहेको कोर्टफी मैले बुझाउन बाँकी छैन भन्ने सकारनामा कागज गराई लिई सो वारिसबाट कुरा बुझी अड्डाका रोहले सो मुद्दामा जुन कागज गराउन परे पनि सोही वारिसको कागज गराई मुद्दा हेर्नुपर्छ। अदालतबाट लागेको दण्ड, जरीवाना, दशौद, सरकारी बिगो, आदेशले बाँकी रहेको कोर्टफी केही बाँकी रहेको पछि देखिन आए वारिस दिनेसँग बाँकी देखिए सो वारिस मार्फत नै वारिस दिनेलाई सात दिनको म्याद दिई झिकाई हाजिर भए एकसय रूपैयाँसम्म जरीवाना गरी बाँकी दण्ड, जरीवाना, सरकारी बिगो, कोर्टफी समेत असूल गरी र हाजिरै नभए वारिस बदर गरी मुद्दा कानूनबमोजिम गर्नुपर्छ। वारिस हुनेसँग बाँकी देखिए त्यस्ता वारिस हुनेलाई अदालतले एकसय रूपैयाँ जरीवाना गर्नुपर्छ। त्यस्तो जरीवानाको कारणले वारिसनामा बदर हुने छैन – – – – –

(५) ६८ नं. को देहाय दफा २ को सट्टा देहायको देहाय दफा २ राखिएको छः–

"अरूका हकमा घूस कीर्तेमा सजाय पाएको र सो बाहेक नैतिक पतन देखिने अन्य फौज्दारी अपराधमा सजाय पाएको व्यक्ति बाहेक जोसुकै व्यक्तिलाई–२"

(६) ६९ नं. को देहाय दफा ४ मा रहेको "अरूहरू मुद्दाको" भन्ने शब्दहरूको सट्टा "अरू मुद्दाको" भन्ने शब्दहरू राखिएका छन्।

(७) ९४ नं. को सट्टा देहायको ९४ नं. राखिएको छः–

"९४ नं. ॥ ॥ मुद्दा हेर्ने अड्डाले राजगद्दी वा राजपरिवारको गाथसम्बन्धी मुद्दा, मृत्युदण्ड वा कैदको सजाय हुने राजकाजसम्बन्धी मुद्दा, कर्तव्य ज्यान, ज्यान मार्नाको उद्योग, डाँका, गोवध, खोटाटक मारेको र सरकारी सम्पत्ति रहेको घरमा आगो लगाएको मुद्दामा अभियुक्तलाई गिरफ्तार गर्न सकेसम्मको हुलिया समेत खुलाई अभियुक्त रहे बसेको इलाकाको प्रहरी कार्यालय वा प्रहरी कर्मचारीका नाउँमा यसै महलको ९८ नम्बरको नमूना-बमोजिमको वारण्ट दुई प्रति र सात दिनसम्म तदारूखसाथ खोजतलाश

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्दा पनि अभियुक्त गिरफ्तार हुन नसके तामेल गर्न यसै महलको ९९ नम्बर-बमोजिम सत्तरी दिने म्यादी पूर्जी समेत लेखी पठाउनुपर्छ। प्रहरी कार्यालय वा कर्मचारीले पनि वारण्ट पाएपछि सो बदर वा तामेल नभएसम्म तदारुख-साथ अभियुक्तलाई खोजतलाश गरी पक्री बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र वारण्ट जारी गर्ने अड्डामा दाखिल गराउनुपर्छ। अभियुक्त अन्य इलाका गई बसेको पत्ता लागे त्यस्तो प्रहरी कार्यालय वा कर्मचारीले आपनो नाउँको वारण्ट अभियुक्त गई बसेको इलाकाको प्रहरी कार्यालय वा कर्म-चारीको नाममा दरपीठ गरी पठाई वारण्ट जारी गर्ने अड्डालाई सूचना गर्नुपर्छ। त्यसरी दरपीठ गरिएको प्रहरी कार्यालय वा कर्मचारीले आ नाउँमा वारण्ट जारी भए सरह वारण्ट तामेल गर्नु गराउनुपर्छ। त्यसरी दरपीठ गरी पठाए पनि सो पठाउने प्रहरी कार्यालय वा कर्मचारीले वारण्ट-बमोजिम अभियुक्तलाई गिरफ्तार गरी दाखिल गर्न बाधा हुने छैन। सो बाहेक फौज्दारी मुद्दामा समाह्वान र देवानी मुद्दामा इतलायनामा बाटाको म्याद बाहेक तीस दिनको म्याद दिई जारी गर्नुपर्छ र सो समाह्वान वा इतलाय-नामा यसै महलको १०४ नम्बरको नमूनाबमोजिम हुनुपर्छ।"

(८) ९५ नं. को सट्टा देहायको ९५ नं. राखिएको छ:–

"९५. नं. ॥ ॥ बाटाको म्यादको हिसाब गर्दा यातायातको नियमित सेवा चलेको ठाउँमा रेल र बसबाट आउँदा वास्तविक लागेको दिन र त्यस्तो रेल वा बस नचलेको ठाउँको लागि चार कोशको एकदिनको दरले हिसाब गर्नुपर्छ। चार कोशदेखि घटी कोशलाई एक दिनको म्याद कायम गर्नु पर्छ। तर जम्मा चार कोशभन्दा घटी कोशको बाटोलाई बाटाको म्याद दिइने छैन।"

(९) ९८ नं. को सट्टा देहायको ९८ नं. राखिएको छ :–

९८ नं. ॥ ॥ वारण्टको नमूना।

फलाना अड्डाबाट जारी भएको वारण्ट

फलाना प्रहरी कार्यालय वा प्रहरी कर्मचारी कै पूर्जी उप्रान्त फलाना ठाउँ बस्ने यस्तो हुलिया भएको फलानालाई फलाना कसूरमा गिरफ्तार गर्नु परेको हुनाले यो वारण्ट बदर नभएसम्म अभियुक्तलाई तदारूखसाथ खोजतलाश गर्दैरही फेला परेको बखत पक्री बाटामा भाग्न उम्कन नपाउने गरी यस अड्डामा पठाई दिनु। बाटाको म्याद बाहेक सात दिनसम्ममा पक्रिएन भने आठौं दिनका दिन यसैसाथ पठाएको म्यादी पूर्जी तामेल गरी त्यसपछि पनि पक्रन तदारूखसाथ खोजतलाश गर्दै रहनु।

इति सम्वत् २० ... साल ... गते रोज... शुभम् – –"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) ९९ नं. को सट्टा देहायको ९९ नं. राखिएको छः–

"९९ नं. ॥ ॥ म्यादी पूर्जीको नमूना ।

फलाना अड्डाबाट जारी भएको फलाना ठाउँ बस्ने फलानाको नाउँको

म्यादी पूर्जी

उप्रान्त फलाना ठाउँ बस्ने फलानाले तपाईंले फलानो कसूर गरेको छ भनी नालिश दिएको वा फलाना कसूरमा बात लागेकोमा तपाईंलाई गिरफतार गर्न वारण्ट जारी भई राखेकोमा पक्राउ नपरेकोले यो म्यादी पूर्जी समेत टाँसिएको छ । बाटाका म्याद बाहेक सत्तरी दिनभित्र आफैं वा वारण्ट-बमोजिम पक्राउमा परी यस अड्डामा हाजिर हुन आए तपाईंको व्यहोरा समेत बुझी ऐनबमोजिम कारवाई हुनेछ । नआई सो म्याद गुजारी फरार रहे तपाईंको अंश रोक्का गरिनेछ र छ वर्षसम्ममा पनि पक्राउमा परी वा आफैं हाजिर हुन नआए रोक्का भएको अंश समेतका हकमा ऐनबमोजिम हुनेछ र पछि उजूर गर्न पाउने छैन ।"

(११) ११० नं. को १ दफाको सट्टा देहायको १ दफा राखिएको छ :–

"समाह्वान, इतलायनामा, म्याद पूर्जी सूचना तामेल गर्न खटिएका सरकारी कर्मचारीलाई तामेल गर्नुपर्ने समाह्वान, इतलायनामा, म्याद पूर्जी सूचनाको तीन प्रति जिम्मा दिई भरपाई गराउनुपर्छ । निजले पनि सम्बन्धित व्यक्ति चिने जहाँ फेलापरे पनि निजलाई बुझाउन हुन्छ । सम्बन्धित व्यक्ति फेला नपरे वा नचिने निजको ठेगानामा गै बुझी घर डेरा पत्ता लगाई मानिस चिनी स्थानीय पञ्चायतको सदस्य वा सचिव, वडा समिति को सदस्य वा तालुकदारमध्ये एकजना वा अरू स्थानीय भलादमी दुईजना रोहवरमा राखी बेटिकटवाला समाह्वान, इतलायनामा, म्याद पूर्जी सूचना दिए तामेल गरेको दिन मिति लेखी सम्बन्धित व्यक्ति भेट भए निजैलाई निज भेट नभए त्यसका उमेर पुगेको एकाघरका जहानमा भरसक लोग्नेमानिसलाई र नभए स्वास्नीमानिसलाई दिई र निजहरू पनि भेट भएन वा भए पनि बुझी लिएन भने त्यसको घर डेराको ढोकामा सबैले देख्ने गरी टाँसी अड्डामा दाखिल गर्ने टिकटवाला समाह्वान , इतलायनामा, म्याद पूर्जी सूचनाको पीठमा कसलाई दिए टाँसिएको हो सो र सो दिए टाँसिएको दिनको मिति समेत लेखी सो दिए टाँसिएको बखतमा भएको माथि लेखिएका मानिसहरू समेतको प्रष्ट बुझिने गरी ऐनबमोजिम सहिछाप गरी गराई सो तामेल गर्ने कर्मचारीले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समेत सहिछाप गरी दाखिल गर्न ल्याउनुपर्छ । घर दैलामा टाँसी तामेल गरिएकोमा तेस्रो प्रतिमा सो तामेली मिति जनाई स्थानीय पञ्चायतमा बुझाई छुट्टै भरपाई गराई लिनुपर्छ वा तामेली प्रतिको पिठमा नै सो जनाई सहिछाप गराई लिनुपर्छ । त्यसरी म्याद पाएपछि स्थानीय पञ्चायतले आफ्नो सूचना पाटीमा तत्कालै टाँस्नेछ त्यसरी पञ्चायतलाई नबुझाइएको वा नटाँसिएको कारणबाटै सम्बन्धित व्यक्तिको घर दैलामा रीतपूर्वक टाँसिएको म्याद बेरीत भएको मानिने छैन । घर दैलामा टाँसिएको मितिबाटै म्याद कायम हुनेछ । म्याद तामेल गर्न जानेवालाले पञ्चायतमा बुझाउनु पर्ने म्याद नबुझाएमा निजलाई पटकै पिच्छे एक सय रूपैयाँसम्म जरीवाना हुनेछ –– –– –– –– ––

(१२) १११ नं. को सट्टा देहायको १११ नं. राखिएको छः–

"१११ नं. ॥ ॥ अड्डाबाट तामेल गर्न पठाएको समाह्वान, इतलायनामा, म्याद पूर्जी सूचना तामेल गर्दा वा वारण्टबमोजिम पक्राउ, खानतलाशी वा कब्जा गर्दा वा नक्शा सरजमीन गर्दा समेत स्थानीय पञ्चायतका सदस्य वा सचिव, वडा समितिका सदस्य, तालुकदार, स्थानीय भलादमी समेतले सम्बन्धित मानिसको घरद्वार खोजी देखाई चिनाई काम तामेल गर्न आवश्यक सबै सहयोग गरी साक्षी बस्नु पर्नेमा बसी सहिछाप गरिदिनुपर्छ । सो नगर्नेलाई एक सय रूपैयाँसम्म जरीवाना हुन्छ । कसैले झुट्ठा व्यहोरा लेखाई देखाई दिए वा व्यहोरा झुट्ठा पारी तामेल गराएमा वा झुट्ठा मुचुल्का गरिदिएमा वा सो कुनै काम तामेल गर्न बाधा विरोध गरेमा वा टाँसेको समाह्वान, इतलायनामा, म्याद पूर्जी सूचना कैफियत गरी च्याते उखाडेमा वा वारण्टबमोजिम पक्राउ गर्नुपर्ने मानिसलाई भाग्न उम्कन मद्दत दिएमा वा दबाई छपाई राखेमा वा पक्राउ गर्न सहयोग नगरेमा वा तामेल गर्न जानेले बदनीयत गरी काम तामेल नगरेमा निजलाई एक हजार रूपैयाँसम्म जरीवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ ।"

(१३) ११८ नं. को ३ दफाको देहाय दफा ३ को सट्टा देहायको देहाय दफा ३ राखिएको छः–

"कुनै अभियुक्तका सम्बन्धमा अधिकार प्राप्त अधिकारीद्वारा लाश जाँच हुँदा कर्तव्य देखिन आएकोमा मौका तहकीकात हुँदा बुझिएको सरजमीनका मानिसमध्ये कर्तव्यवाला होइन भनी तथ्यसाथ किटानी लेखिदिनेभन्दा कर्तव्यवाला हो भनी तथ्यसाथ किटानी लेखिदिनेको संख्या बढी देखिएमा अभियुक्तलाई –– –– –– –– –– –– –– –– –– –– ३"

(१४) १६९ नं. को अन्तमा रहेको "साक्षीले घूस खाई बकेको भए घूस खाएमा समेत ऐनबमोजिम थप सजाय हुन्छ । त्यस्ता साक्षीले बकेको प्रमाण लाग्दैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साक्षीलाई नभएको कुरा सिकाई झुट्टा बकाउनेलाई उसले सिकाएका साक्षीलाई हुने सजायको आधा सजाय हुन्छ । धेरै जनालाई सिकाई झुट्टा बकाएकोमा भए जुन चाहिं साक्षीलाई धेरै सजाय हुन्छ, उसको मात्र आधा सजाय हुन्छ ।" भन्ने वाक्यांशहरू झिकिएका छन् ।

(१५) १७१ नं. पछि देहायको १७१ क. नं. थपिएको छः–

"१७१. क. नं. ॥ ॥ चल अचल सम्पत्ति वा बिगो दावी भएको मुद्दामा दावी पुग्ने देखिन आउने अवस्था भए फैसला नगर्दै वा फैसला गर्दा अड्डाले आफ्नो तजबीजमा वादी दावी पुग्नेसम्म सो सम्पत्ति बेचबिखन, दानदातव्य गर्न नपाउने गरी रोक्का राख्न वा माथवर वा पञ्चायत जिम्मा लगाउन वा सो सम्पत्ति प्रतिवादी जिम्मा नै राखी वादीले पाउन सक्ने त्यसको बाली बहाल आयस्ता वा त्यसको केही अंश वादीलाई दिलाउन र बिगो दावी भएकोमा बिगो भराउन चाहिने जतिसम्म प्रतिवादीको सम्पत्ति बेचबिखन, दान दातव्य गर्न नपाउने गरी रोक्का गर्न सक्नेछ । बालीको हकमा जग्गा मिच्नेको महलको १० नम्बरको रित पुऱ्याई रोक्का गर्नुपर्छ ।"

(१६) १८३ नं. को २ दफाको अन्त्यमा देहायको वाक्य थपिएको छः–

"तल्लो तहको फैसलाले लागेको कैद बापत महीना एकको पैंतालीस रूपैयाँका दरले हुने रूपैयाँ बुझाए लिई सो कैदको लगत काटिदिनुपर्छ ।"

(१७) २१९ नं. पछि देहायको २१९ क. नं. थपिएको छः–

"२१९ क. नं. ॥ ॥ अड्डाले मुद्दाहरूमा प्रमाणका निमित्त चाहिने मिसिल कागजात मागी पठाएको वा कुनै कुरा सोधी पठाएकोमा तरताकिता गर्दा पनि मिसिल कागजात वा जवाफ नपठाएकोले मुद्दाको कारवाई किनारा गर्न बाधा परेकोमा वा कुनै पक्षलाई मर्का परेकोमा त्यस्तो मिसिल कागजात वा जवाफ नपठाउने अड्डाका प्रमुख वा सम्बन्धित कर्मचारीलाई पटकै पिच्छे पचास रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ । त्यस्तो जरीवाना निजको तलब खुवाउने कार्यालयले तलबबाट कट्टा गरी सम्बन्धित अड्डामा दाखिल गर्नुपर्छ । तर त्यसरी जरीवानाको आदेश भएपछि सम्बन्धित अड्डा प्रमुख वा कर्मचारीले त्यस्तो मिसिल कागजात वा जवाफ समयमा पठाउन नसकेको मुनासिब कारण उल्लेख गरी सो जरीवाना लाग्नु नपर्ने कुराको निवेदन दिएमा र सो कारण सम्बन्धित अड्डालाई सन्तोषजनक लागेमा सो अड्डाले उक्त जरीवानाको आदेश रद्द गर्न वा लागेको जरीवाना घटाउन सक्नेछ ।"

(१८) २२० नं. को सट्टा देहायको २२० नं. राखिएको छः–

"२२० नं. ॥ ॥ श्री ५ को सरकार वादी भई हेर्नु पर्ने कुराको र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारी कर्मचारीले वा सरकारी कामको अख्तियार पाएको कुनै व्यक्तिले दुःख पीर दिएको र सरकारी कर्मचारीले अड्डासम्बन्धी जाहेर गरेको कुराको निवेदनपत्रमा लिफा दस्तूर नभएपनि कानूनबमोजिम कारवाई गर्नुपर्छ । सो बाहेक अरू कुरामा आफ्नो अड्डाको काम कारवाईसम्बन्धी कुनै कानून भए सोबमोजिमको र नभए एक रूपैयाँ लिफा दस्तूर लाग्छ ।"

(१९) ८ नं. र १०० नं. खारेज गरिएका छन् ।

३. <u>मुलुकी ऐन दण्ड सजायको महलमा संशोधन</u> : मुलुकी ऐन दण्ड सजायको महलको, –

(१) ८ नं. को सट्टा देहायको ८ नं. राखिएको छ :–

"८ नं. ॥ ॥ एकै जनाले धेरै पटक मृत्युदण्ड वा सर्वस्वसहित जन्मकैद वा जन्मकैद वा अरू सजाय हुने खत गरेको भए पनि कुनै खतमा मृत्युदण्ड, सर्वस्वसहित जन्मकैद र जन्मकैदमध्ये ठूलो सजाय भएपछि सानो सजाय हुने खत वा सो सजायहरूमध्ये कुनै सजाय भएपछि अरू सानो सजाय हुने खत खापिंदैन । सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने वा भएको कसैले म्याद गुजारी फरार भएको वा कैद थुनामा बसेको वा कैद थुनाबाट भागेको वा धरौटी जमानी तारीखमा छुटेको अवस्थामा ठूलो सजाय हुने खत गरे सोही ठूलो सजाय गर्नुपर्छ । फेरि जन्मकैदको सजाय हुने खत गरेकोमा जन्म कैद भोगी छुट्न पाउने भएपछि चार वर्ष थपी र घटी सजाय हुने खत गरेकोमा खत अनुसार बढीमा चार वर्षसम्म थपी कैद गर्नुपर्छ ।"

(२) २३ नं. को सट्टा देहायको २३ नं. राखिएको छ :–

"२३नं. ॥ ॥ सजाय तोकी फैसला गर्दा सजाय पाउने रूजु रहे सो फैसला गर्ने अड्डाले नै उसै बखत पक्की फैसलाले लागेको सजाय असूल गर्नुपर्छ । सो गर्दा जरीवाना लागेकोमा बुझाए बुझी ऐनबमोजिम जमानी दिए लिई छाडी दिनुपर्छ । कैद लागेकोमा पुनरावेदन गर्न अदालती बन्दोवस्त महलको १९९ नम्बरबमोजिम धरौट वा जमानत दिएमा सो लिई छाड्नुपर्छ । नबुझाए नदिए जरीवाना बापत लाग्ने कैद र लागेको कैद असूल गर्न कारागारमा पठाइदिनुपर्छ । सजाय पाउने बेरूजु रहेकोमा समेत फैसलाबमोजिम लागेको सजायको लगत फैसला गर्ने अड्डा आफैले कस्नु पनमा आफै कस्नु र सजाय पाउने मानिसको इलाकाको शुरू अड्डामा कस्न पठाउनु पर्नेमा सो अड्डामा फैसला भएको सात दिनभित्र पठाउनुपर्छ । लगत कस्दा कस्न पठाउँदा सजाय पाउने रूजु बेरूजु रहेको र रूजु रहेकोमा सजाय असूल गर्न गरेको कारवाईसमेत खुलाउनुपर्छ । साधक जाहेर गरेकोमा साधक निकासा भई आएपछि सोबमोजिम लगत कस्नु कसाउनुपर्छ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) २४ नं. को सट्टा देहायको २४ नं. राखिएको छ :–

"२४नं. ॥ ॥ सरकारी बिगो जरीवाना दशौंद बिशौंद समेत इत्यादि लिनुपर्ने कलममा वा सर्वस्व हुने कसूरमा एक पटक सर्वस्व जायजात भइसकेपछि सो सर्वस्व भएका कसूरमा र जायजात भएका कलमको बाँकी जतिमा देहायबमोजिम गर्नुपर्छ। सो बाहेक अरू कुराको जायजातबाट उपर नभएको बाँकी बिगो जरीवानाको लगत तुरुन्तै र कैदका हकमा जायजात भएपछि पाँच वर्षदेखि बेपत्ते भए लगत काटी दिनुपर्छ – – – – –
ज्यानसम्बन्धी मुद्दा, कुनै प्रकारको चोरी मुद्दा वा राजकाज मुद्दाको कसूरदारलाई भएको सजायको बाँकी र सम्बन्धित कर्मचारीले आफ्नो जिम्माको सरकारी वा सरकारी संस्थान वा सरकारद्वारा नियन्त्रित संस्थानको तहबील, धनमाल मासी चोरी नोक्सान पारी खाए खुवाएको वा पेश्की ठेकको वा बाँकी नतिर्नेको महलको २ नम्बरको बाँकी समेत यति कलमको बाँकीमा जहिलेसुकै फेला परेपनि फैसला लगतबमोजिमको सजाय गर्नुपर्छ–१
गैह्र सरकारी वा देहाय दफा १ मा लेखिएको संस्थानको बिगोमा अपुताली खानेबाट अपुताली खाएजति सम्पत्तिबाट असूल गर्नुपर्छ –– –– –– २
बाँकीवाला मरी स्थानीय पञ्चायतको सदस्य समेत पाँचजना स्थानीय भलादमीको मरुवा मुचुल्का भई आए कैद जरीवाना बिशौंदको लगत काटी दिनुपर्छ –– –– –– –– –– –– –– –– –– –– –– –– ३
बाँकीवाला मानिस वा निजको घर ठेगान नलागेमा तीन वर्षसम्म वर्षको एक पटक र मानिस घर ठेगान लागेपनि भागी मरे बाँचेको वा यस ठाउँमा छ भन्ने ठेगान नलागेमा पाँच वर्षसम्म वर्षको एक पटक स्थानीय पञ्चायतको सदस्यसमेत स्थानीय भलादमी पाँचजनाको बेपत्ते मुचुल्का भई आए जेथा हुनेको जायजात भई सकेको भए देहाय दफा १ मा लेखिएको लगत बाहेक अरू लगत काटी दिनुपर्छ –– –– –– –– –– –– –– ४"

(४) २६ नं. को अन्तमा देहायको वाक्यांश थपिएको छ :–

"तर फरार रहेको कसूरदारको अंश जायजात लिलाम बिक्री गर्दा यो नम्बरबमोजिम कुनै कुरा परसार्नु पर्दैन।"

(५) ३४ नं. मा रहेको "गर्न नहुने भएमा" भन्ने शब्दहरूको सट्टा "नगरेमा" भन्ने शब्द राखिएको छ।

(६) ३७ नं. को सट्टा देहायको ३७ नं. राखिएको छ :–

"३७नं. ॥ ॥ बाँकी बिगो जरीवाना कैद समेत असूल गर्न अंश सर्वस्व जायजात रोक्का तायदात गर्न वा बिगो भराउने चलन चलाउन बण्डा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छुटचाउन पर्दा समेत अड्डाबाट सो काम तामेल गर्न खटी आएकालाई स्थानीय पञ्चायतका सदस्य वा सचिव, वडा समितिका सदस्य, तालुकदार, स्थानीय भलादमी समेतले सम्बन्धित मानिस र घरद्वार जायजात सम्पत्ति खोजी देखाई चिनाई पक्राउ गराई दिनुपर्छ र सो सम्बन्धमा गर्नुपर्ने मुचुल्काहरूमा साक्षी बसी सही गरी आवश्यक सबै सहयोग गर्नुपर्छ। सो नगर्नेलाई एकसय रूपैयाँसम्म जरीवाना हुन्छ। नमरेकालाई मरेको, घरद्वार मानिस भएकोलाई नभएको वा बेपत्ते नभएकोलाई बेपत्ते भएको वा जायजात भएकोमा जायजात छैन भनी वा जानीजानी कुनै झुट्टा व्यहो लेखाई देखाई दिए वा झुट्टा मुचुल्का गरी दिए वा कुनै काम तामेल गर्न बाधा विरोध गरेमा एक हजार रूपैयाँसम्म जरीवाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ।"

(७) ४१ नं. को सट्टा देहायको ४१ नं. राखिएको छ :–

"४१नं.. ॥ ॥ एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नु परेमा जुन कलममा कैदको सबभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नुपर्छ। त्यसरी कैद ठेकिएकोमा कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नु पर्ने भयो र अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नु पर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नुपर्छ। अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु पर्दैन। फैसला, कैदी पूर्जी, कैद ठेक्ने किताबमासम्म खुलाई दिनुपर्छ र पछि ठेकिने कलमको हद घटी भएपनि अघि कैद गर्दा ठूलो कलमको हद नपुगेको रहेछ भने सो नपुग दिनसम्म पछिल्लो कलममा कैद गर्नुपर्छ। धेरै कलमको कैदको हद बराबर हु आयो भने सोमध्ये एक कलमको कैद ठेक्नुपर्छ। अरू कलमका हकमा फैसला, कैदी पूर्जी, कैद ठेक्ने किताबमासम्म खुलाउनुपर्छ। तर फैसला भई सकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्था अर्को कसूर गरेकोमा सो कसूर बापत कानून–बमोजिम थप कैद ठेक्नुपर्छ।"

(८) ४२ नं. को १ दफाको सट्टा देहायको १ दफा राखिएको छ :–

"यो ऐन प्रारम्भ भएपछि फैसला भएकोमा आखिरी टुङ्गो लागी फैसला भएको मितिले दुई वर्षभित्र र सोभन्दा अघिकोमा आखिरी फैसला भएको मितिले तीन वर्षभित्र दरखास्त दिनुपर्छ। लेखिएको म्यादभित्र दरखास्त दिन आएमा बिगो भरी पाउने काम खतम नभएसम्म अड्डाबाट दिएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तारीखमा रही जायजात समेत देखाई दिउँला तारीख गुजारे ऐनबमोजिम गर्नु भन्ने समेत बोली पारी दरखास्त लिई तारीखमा राखी म्याद पाए वा टाँसेको पैंतीस दिनभित्र भर्नु पर्ने बिगो, बिशौंद लाग्नेमा सो समेत दाखिल गर्न ल्याउनु नल्याए ऐनबमोजिम जायजात हुन्छ भनी दरखास्त परेको सात दिनभित्र बिगो भर्नु पर्नेको नाममा म्याद जारी गर्नुपर्छ र सो म्याद-भित्र बिगो बिशौंद दाखिल गर्न नल्याए ऐनबमोजिम जायजात गरी भराई दिनुपर्छ — — — — — — — — — — — — — — — १"

(६) ४३ नं. को सट्टा देहायको ४३ नं. राखिएको छ :–

"४३नं. ॥ ॥ मुद्दा फैसला भै पुनरावेदन उजूरको म्याद नाघेपछि जाय-जातबाट भराउने बिगो बाहेक फैसलाबमोजिम चलन पाउने वस्तु चलन गर्न जाँदा नदिएमा देहायमा लेखिएबमोजिम हुन्छ — — — — —

आखिरी टुङ्गो लागी फैसला भएपछि सो फैसला भएका मितिले दुई वर्षभित्र जुन अड्डाबाट चलन पाउने हो सो अड्डामा चलन पाउँ भन्ने दरखास्त दिनुपर्छ । सो दुई वर्षको म्याद नाघेपछि भने सो चलन चलाउने वस्तुको ऐन फैसला-बमोजिम लागेको दस्तूरको आधा दस्तूर फेरि दिए मात्र सो पहिला दुई वर्षको म्याद नाघेको मितिले फेरि एक वर्षभित्र दरखास्त दिन पाउँछ । सो म्याद नाघेपछि भने दरखास्त लिन र अड्डाबाट चलन चलाई दिन समेत पर्दैन — १

देहाय दफा १ बमोजिम दरखास्त परेपछि त्यसको रसीद दिई दरखास्तवाला-लाई तारीखमा राखी सात दिनभित्र अड्डाको पूर्जी गरी आफ्नो इलाकामा भए आफ्नै अड्डाबाट र अरू इलाकामा भए सो इलाकाको अड्डालाई लेखी सो अड्डाबाट समेत तीन महीनासम्ममा सो चलन पाउने वस्तु चलन चलाई दिनुपर्छ — — — — — — — — — २

चलन चलाउँदा स्थानीय पञ्चायतको कम्तिमा एकजना सदस्य, तालुकदार, स्थानीय भलादमी समेत पाँच जना राखी चलन चलाई दिई चलन पूर्जी समेत दिनुपर्छ । चलन दिनु पर्नेले वा अरू कसैले चलन चलाउन बाधा विरोध गरे आवश्यक परे पञ्चायत, प्रहरी समेतको सहयोग लिई आवश्यक बल प्रयोग गरी चलन चलाई दिनुपर्छ र बाधा विरोध गर्नेलाई पक्री अड्डामा दाखिल गर्नुपर्छ । त्यस्तो बाधा विरोध गर्नेलाई एक हजार रूपैयाँसम्म जरीवाना वा पन्ध्र दिनसम्म कैद हुन्छ — — — — — ३

चलन दिनु पर्ने घर, पसलभित्र धनमाल राखी ताल्चा मारी राखेकोमा चलन दिनु पर्ने मानिस हाजिर भए खोल्न लगाई चलन चलाई दिनुपर्छ । हाजिर नभए पन्ध्र दिनभित्र खाली गरी दिनु त्यसपछि कुनै दिन अड्डाबाट मानिस आई ताला लागी राखे ताला तोडी राखेको धनमाल तायदाती कब्जा लिलाम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिक्री गरी चलन चलाई दिनेछ भनी सोही दिन सो चलन चलाउनु पर्ने घर पसलको दैलामा म्याद टाँसी म्याद नाघेपछि सोबमोजिम गरी चलन चलाई दिनुपर्छ । धन माल कब्जा लिलाम बिक्री गरेकोमा सो गरेको एक वर्ष-भित्र फिर्ता लिन आए सयकडा दश कटाई बाँकी फिर्ता गर्नुपर्छ सो म्याद-भित्र फिर्ता लिन नआए दिनु पर्दैन, आम्दानी बाँध्नु पर्छ--- --- --- ४

एक पटक चलन चलाई दिएकोमा चलन नछाडी खिचोला गरेमा खिचोला गरेको पटकै पिच्छे एक हजार रुपैयाँसम्म जरीवाना वा एक महीनासम्म कैद हुनेछ --- --- --- --- --- --- --- ---"

(१०) ४७नं. मा रहेको "वारिस दिने चाहिको" भन्ने शब्दहरू र "दाखिल गरेकै दिन" भन्ने शब्दहरूपछि "अदालती बन्दोवस्तको महलको ६५ नम्बरको देहाय दफा ३ को रीत पुर्‍याई" भन्ने वाक्यांश थपिएको छ ।

(११) ४८नं. को सट्टा देहायको ४८ नं. राखिएको छः–

"४८नं. ॥ ॥ फैसलाबमोजिम अड्डाबाट गर्नपर्ने काम गर्न गराउनलाई दरखास्त दिई तारीखमा रहेका मानिसले तारेख गुजारी बसे सो दरखास्त-बमोजिम ऐनले गर्नुपर्ने कारवाई गर्नु पर्दैन । दरखास्तबमोजिम गराई पाउँदा ऐन फैसलाबमोजिम लाग्ने दशौंद बिशौंद र दस्तूर भने छुट्न सक्तैन । म्याद तारेख थाम्ने अवस्था पुगेका पैंतीस दिन नाघेपछि सो असूल गरी लिनुपर्छ । फैसलाबमोजिम गराउन दरखास्त दिने वा दरखास्त दिएपछि सकार गर्ने कुरामा अदालती बन्दोवस्तको महलको १७५ नम्बर बमोजिम र गुज्रेको तारीख थाम्ने कुरामा अदालती बन्दोवस्तको महलको ५९ नम्बर र ६२ नम्बरबमोजिम हुन्छ ।"

(१२) ५१ नं. को सट्टा देहायको ५१ नं. राखिएको छः–

"५१ नं. ॥ ॥ फैसलाले फिर्ता पाउने भएको दण्ड, धरौटी, रोक्का र सर्वस्व जायजात कुनै सम्पत्ति वा सो लिलाम बिक्री भै रहेको नगद समेत फैसला अन्तिम भएको तीन वर्षभित्र दरखास्त दिई फिर्ता लिन आएन भने फिर्ता पाउँदैन र सरकारी आम्दानी बाँध्नुपर्छ ।"

(१३) ६०नं. पछि देहायको ६१ नं. थपिएको छः–

"६१नं. ॥ ॥ फैसला कार्यान्वियनको सिलसिलामा तहसीलदार कर्मचारीले गरेको काम कारवाईमा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सोही अड्डाका हाकिमछेउ पन्ध्र दिनभित्र उजूर गर्न सक्नेछ । निजले गरेको निर्णयमा चित्त नबुझे अदालती बन्दोवस्तको महलको १७ नम्बरबमोजिम पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्नेछ । त्यस्तो उजूर परेमा उजूर सुन्नेले उजूर परेको मितिले दुई महीनाभित्र कारवाई किनारा गरी दिनु पर्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) ५ नं. खारेज गरिएको छ।

४. मुलुकी ऐन कागज जाँचको महलमा संशोधन : मुलुकी ऐन कागज जाँचको महलको १७ नं. को दफा ६ पछि देहायको दफा ७ थपिएको छ:–

"विभागीय प्रमुख वा अड्डा प्रमुखले सरकारी अड्डामा रहेको सरकारी कामकाज-सम्बन्धी अप्रकाशित गोप्य लिखतको नक्कल दिन वा अड्डामा पेश गर्न कर लाग्ने छैन– --- --- --- --- --- --- --- --- --- --- ७"

५. मुलुकी ऐन जग्गा आवाद गर्नेको महलमा संशोधन : मुलुकी ऐन जग्गा आवाद गर्नेको महलको १३ नं. पछि देहायको १४ नं. थपिएको छ:–

"१४ नं. ॥ ॥ आवाद गर्न नहुने जग्गा आवाद वा दर्ता गरे गराएकोमा बाहेक अरू कुरामा थाहा पाएको मितिले छ महीनाभित्र नालिश नदिए लाग्न सक्तैन।"

६. मुलुकी ऐन जग्गा पजनीको महलमा संशोधन : मुलुकी ऐन जग्गा पजनीको महलको १७ नं. को सट्टा देहायको १७ नं. राखिएको छ:–

"१७ नं. ॥ ॥ तालुकदारले खापी खाएका बाहेक एकको हकको जग्गा अर्कोले दर्ता गराएकोमा थाहा पाएको मितिले छ महीनाभित्र र अरू कुरामा भए गरेको मितिले दुई वर्षभित्र नालिश नदिए लाग्न सक्तैन।"

७. मुलुकी ऐन जग्गा मिच्नेको महलमा संशोधन : मुलुकी ऐन जग्गा मिच्नेको महलको,–

(१) ३ नं. को सट्टा देहायको ३ नं. राखिएको छ:–

"३ नं. ॥ ॥ देहायको अवस्थामा जग्गा दपोट ठहर्छ --- --- ---

रैकर वा अरू सरकारी वा सार्वजनिक जग्गालाई राजगुठी वा अरू जग्गा वा साबिकदेखिको मिन्है घडेरी भनी दबाई वा ती जग्गाबाट रैकर वा अरू सरकारी वा सार्वजनिक जग्गालाई चापी घुसाई खाएको--- --- ---१

साबिकदेखिको मिन्है घडेरी बाहेक कुनै सरकारी वा सार्वजनिक जग्गा दर्ता नगराई खाएको --- --- --- --- --- --- --- --- २

एउटा जग्गाको दर्ताको नाताले बेदर्ताको साँधको वा बेगल रहेको जग्गा खाएको--- --- --- --- --- --- --- --- --- --- ३"

(२) ३ नं. पछि देहायको ३ क. नं. थपिएको छ:–

"३ क. नं. ॥ ॥ देहायको अवस्थामा तिरो दपोट ठहर्छ --- --- ---

साबिक दर्ताको भीठ पाखो खरबारी वा मिन्है घडेरीलाई खेत दर्ता नगराई कुलो लगाई खेत आवाद गरी खाएको --- --- --- --- --- १

जग्गा बेसाबूद भई साबिक तिरो घटाई बन्दोवस्त भएकोमा जग्गा साबूद भएपछि पनि जग्गा पजनीको महलको ८ नम्बरबमोजिम साबूद तिरो नगरी खाएको --- --- --- --- --- --- --- --- --- २

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खोलो पैह्रो बेकायम भई लगत काटिएकोमा जग्गा कायम भएपछि पनि दर्ता तिरो नगरी खाएको ---- ---- ---- ---- ---- ---- ३"

(३) ६ नं. को १ दफाको अन्तमा रहेको "पाखा जग्गा दबाई खाएकोमा भने जम्मै जग्गा खाई रहने कै नाउँमा दर्ता गरी त्यस्तो तालुकदारी जाहेरवालालाई दिनुपर्छ" भन्ने वाक्यांश झिकिएको छ ।

(४) १८ नं. को सट्टा देहायको १८ नं. राखिएको छः–

"१८ नं. ॥ ॥ रोक्का भएको जग्गा लिए दिएको र जग्गा दपोट वा तिरो दपोट गरेको कुरामा बाहेक अरू जग्गाको कुरामा थाहा पाएको मिति छ महीनाभित्र, कूत बालीको कुरामा तीन वर्षभित्र र जग्गाको झगडा परेको बालीको हकमा जग्गाको हक छुट्टिई अन्तिम किनारा भएको मितिले एक वर्षभित्र नालिश नदिए लाग्न सक्तैन ।"

(५) ७ नं. खारेज गरिएको छ ।

८. <u>मुलुकी ऐन अंशवण्डाको महलमा संशोधन</u> : मुलुकी ऐन अंशवण्डाको महलको,–

(१) १८ नं. को सट्टा देहायको १८ नं. राखिएको छः–

"१८ नं. ॥ ॥ मानो नछुट्टिई संग बसेका अंशियार छन् भने जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती, उद्योग, व्यापार व्यवसायबाट बढे बढाएको सगोलको आर्जन र लेनदेन व्यवहारको महलको ८ नम्बरबमोजिम लगाएको ऋण सबै अंशियारलाई भाग लाग्छ । सो बाहेक कुनै अंशियारले आफ्नो ज्ञान वा शिप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नम्बरबमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुश गर्न पाउँछ । बण्डा गर्न कर लाग्दैन । अंश नभएपनि मानो छुट्टिई भिन्न बसेका वा रजिष्ट्रेशन नगरी खति उपति आफ्नो आफ्नो गरी आफ्नो हिस्सासंग मात्र राखी खानु पिउनु गरेकोमा एकै ठाउँमा भएपनि मानो छुट्टिई भिन्न भएको ठहर्छ । त्यस्तो कमाएको धन लाएको ऋण आफ्नो आफ्नो हुन्छ ।"

(२) ३० नं. को सट्टा देहायको ३० नं. राखिएको छः–

"३० नं. ॥ ॥ अंशवण्डा गर्दा साक्षी राखी कानूनबमोजिम बण्डा छुट्याई वण्डापत्रको कागज खडा गरी लिने दिनेको र साक्षीको समेत सहिछाप गरी रजिष्ट्रेशन गर्नु पर्नेमा सो गरी राख्नुपर्छ । सोबमोजिम नभएको बण्डा सदर हुँदैन । तर यो ऐन प्रारम्भ हुँदासम्ममा बण्डापत्र खडा गरी वा नगरी घरसारमा नरम गरम मिलाई अचल अंशवण्डा गरी छुट्टिई आफ्नो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफ्नो हिसाब भाग शान्ति बमोजिम लिई पाई दाखिल खारेज समेत गराई सकेको वा बण्डाबमोजिम आफ्नो आफ्नो भागको अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेकोमा व्यवहार प्रमाणबाट बण्डा भइसकेको ठहरेमा पछि बण्डापत्र रजिष्ट्रेशन भएको छैन वा बण्डा घटीबढी असल कमसल भयो भन्न पाउँदैन । रजिष्ट्रेशन नभए पनि बण्डा भएको सदर हुन्छ । पाउने अंश भन्दा घटी अंश जिउनी लिएकोमा र अंश छोडपत्र गरेकोमा भने रजिष्ट्रेशन भएको हुनुपर्छ ।"

(३) ३२ नं. को अन्तमा देहायको वाक्यांश थपिएको छः–

"अंश मुद्दामा वादीले तारीख गुजारे पनि मुद्दा डिसमिस नगरी ठहरेबमोजिम फैसला गर्नुपर्छ ।"

६. मुलुकी ऐन लेनदेन व्यवहारको महलमा संशोधन : मुलुकी ऐन लेनदेन व्यवहारको महलको,–

(१) ४ नं. को सट्टा देहायको ४ नं. राखिएको छः–

"४ नं. ।। ।। ब्याज भराउनु पर्ने मुद्दामा जुनसुकै तहबाट ब्याज भराउँदा आफूले फैसला गरेको मितिसम्मको ब्याज र त्यसपछि भरी भराउको दरखास्त परेमा भराएको मितिसम्मको ब्याज समेत भराउने गरी फैसला गर्नुपर्छ ।"

(२) १० नं. को सट्टा देहायको १० नं. राखिएको छः–

"१० नं ।। ।। अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडी दिंदा ऐनले आफूखुशी गर्न पाउने अरूको मञ्जूरी लिनु नपर्नेमा बाहेक अरूमा एकाघरसंगका अंशियार सबै साक्षी बसेको वा निजहरूले मञ्जूरीको लिखत गरी दिएको भए मात्र पक्का ठहर्छ । साक्षी पनि नबसेको र मञ्जूरीको लिखत पनि नभए मञ्जूर नहुनेले रजिष्ट्रेशन भएको मितिले एक वर्षसम्ममा थाहा पाएको पैंतीस दिनभित्र उजूर गर्‍यो र निजको मञ्जूरी ठहरिएन भने निजको हक जति सो सम्पत्ति निजलाई फिर्ता गराई दिनुपर्छ । सोबमोजिम फिर्ता भएकोमा साहूको थैली परेको भए फिर्ता भए जतिको थैली र ऐनबमोजिमको ब्याज लिखत रजिष्ट्रेशन दस्तूर समेत सो सम्पत्ति बेचबिखन गरी वा अरू कुनै किसिमले हक छाडी दिनेबाट साहूले कपाली सरह असूल गरी लिन पाउँछ । आफ्नो निजी आर्जनको भए संग बस्नेको मञ्जूरी लिनु पर्दैन । बेचबिखन समेत गैह्र गर्न हुन्छ ।"

(३) ११ नं. को सट्टा देहायको ११ नं. राखिएको छः–

"११ नं. ।। ।। कसैले आफ्नो हक पुग्ने अचल बिक्री गरेकोमा यसै महलक १० नम्बर बमोजिम साक्षी बस्ने, मञ्जूरी दिने बाहेक सो बिक्री भएक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पत्ति सन्धिसर्पन परेको निजको ऐनबमोजिमको कुनै हकवालाले निखनी लिन चाहेमा सो किने बेचेको लिखत रजिष्ट्रेशन भएको मितिले छ महीना-सम्ममा थाहा पाएको पैंतीस दिनभित्र निखनी लिन पाउँछ । सो म्याद नाघेपछि किने बेचेको पक्का हुन्छ । एकाघर सगोलमा उमेर पुगेको कसैले थाहा पाएकोमा सगोलमा भएका मुख्य समेत सबै हकवालाले थाहा पाएको ठहर्छ । सन्धिसर्पन पर्ने धेरै हकवालाले निखन्न चाहेमा सो मध्ये सबैभन्दा नजिकको हकवालाले निखन्न पाउँछ ।

नजिकको हकवालाले किनेकोमा सन्धिसर्पन पर्ने भए पनि टाढाको हकवालाले निखन्न पाउँदैन ।"

(४) १२ नं. को सट्टा देहायको १२ नं. राखिएको छः–

"१२ नं. ॥　　॥ सन्धिसर्पन पर्ने हकवाला नभए वा भए पनि निजले ननिखनेमा यसै महलको ११ नम्बरको म्यादभित्र निखन्न पाउँ भनी उजूर गरे देहायकोले निखन्न पाउँछ– जग्गा भए सो जग्गाको मोही — — १

तर घरबारीको लागि जग्गा किनेकोमा दुई रोपनी वा तीन कट्ठासम्म जग्गा सन्धिसर्पन पर्ने हकवाला बाहेक अरूले निखन्न पाउँदैन ।

घर भए — — — — — — — — — — — — २

एउटै घरको भिन्न भिन्न हिस्साको भिन्न भिन्न धनी भएको अवस्थामा घरको कुनै हिस्साको धनीले आफ्नो हिस्सा जति बिक्री गरी दिएकोमा सो घरको अर्को हिस्साको धनीले निखन्न खोजेकोमा निजले निखन्न पाउँछ । त्यस्तो निखन्न पाउने व्यक्ति धेरै भएमा तीमध्ये सबैभन्दा मर्का पर्ने व्यक्तिले निखनी लिन पाउँछ– — — — — — — — १

माथि देहाय दफा १ बमोजिम निखन्न पाउने व्यक्तिले निखनी नलिएमा र मोहियानी हकको जग्गामा मोहीले घर बनाएको भए जग्गावालाले निखन्न पाउँछ — — — — — — — —२

(५) १३ नं. मा रहेको "सन्धिसर्पन बाहेककोले भने धनी र धनीका सन्तान भएसम्म उनले दिए मात्र निखनी लिन पाउँछ" भन्ने वाक्यांश झिकिएको छ ।

(६) १६ नं. को सट्टा देहायको १६ नं. राखिएको छः–

"१६ नं. ॥　　॥ थैली तिरी निखनी लिन पाउने गैह्र कुरामा निखनाई पाउँ भनी अड्डामा उजूर गर्न आउँदा थैली थाहा भएकोमा थैली र रजिष्ट्रेशन गराउँदा तिरेको दस्तूर समेत ल्याई धरौट राख्नुपर्छ । थैली थाहा नहुने मनासिब कारण परी थाहा नभएकोमा प्रतिउत्तर परेको पैंतीस दिनभित्र र थैलीमा मुख नमिलेकोमा मुख मिले जति उजूर गर्दा नै र नमिले जतिमा पनि बुझाउनु पर्ने ठहरे सो ठहरी पहिलो फैसला भएको पैंतीस दिनभित्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो तिर्नुपर्ने थैली दस्तूर समेत अड्डामा ल्याई धरौट राख्नुपर्छ । सो म्याद-भित्र थैली धरौट राख्न ल्याएन भने निखनी लिन पाउँदैन लिए दिएको पक्का हुन्छ । असामीले नै बन्धकी निखनी लिने कुरामा पनि सोही नालिश फैसलाबाट निखनाई दिनु पर्दैन । असामीले पछि निखन्न चाहेमा साहूले नबुझे थैली र दस्तूर समेत धरौट राखी उजूर गरेमा निखनाई दिनुपर्छ ।"

(७) १७ नं. मा रहेको "अड्डामा थैली धरौट राखी उजूर गरेमा" भन्ने वाक्यांशको सट्टा "थैली र रजिष्ट्रेशन दस्तूर" भन्ने शब्द राखिएको छ ।

(८) २७ नं. को सट्टा देहायको २७ नं. राखिएको छः–

"२७ नं. ॥ ॥ दोहोरी लिखत भएकोमा पछिल्ला लिखतवालाले भोग गरेको मितिले अघिल्लाले भोगवन्धकीमा लिएको भए दुई वर्षभित्र र दृष्टिवन्धक भए भोग गर्न पाउने अवस्था भएका दुई वर्षभित्र उजूर गरे अघिल्ला लिखतवालाले पाउँछ । म्याद नाघेपछि अचल समाउन पाउँदैन । थैली कपाली हुन्छ । अघिल्लाले हक टुटाई लिएको भए पछिल्लाले जुनसुकै व्यहोराले लिएको भए पनि अघिल्लाले नै पाउँछ ।"

(९) २० नं र ३९ नं. खारेज गरिएका छन् ।

१०. <u>मुलुकी ऐन रजिष्ट्रेशनको महलमा संशोधन</u> : मुलुकी ऐन रजिष्ट्रेशनको महलको,–

(१) १ नं. को देहायमा रहेको "भोगवन्धकको" भन्ने शब्दहरूको सट्टा "भोग वा दृष्टि-वन्धकको" भन्ने शब्दहरू राखिएका छन् ।

(२) ५ नं. मा रहेको "लिखत गरी दिनेले म्यादभित्र अड्डामा गै रजिष्ट्रेशन गरी दिएन भने सो म्याद नाघेको पैंतीस दिनभित्र रजिष्ट्रेशन नगरी दिनेका नाउँमा नालिश दी रजिष्ट्रेशन गराई लिन पाउँछ सो म्यादपछि नालिश लाग्न सक्दैन" भन्ने वाक्यांश झिकिएको छ । यो ऐन प्रारम्भ हुँदाका बखत घरसारमा भैसकेको लिखत वा घरसारमा लिखत भई रजिष्ट्रेशन गराउन नालिश परी जुनसुकै तहमा भएको लिखतको हकमा यो संशोधन लागू हुनेछैन ।

(३) ११ नं. मा रहेको "लिखत पास" भन्ने शब्दहरूको सट्टा "लिखत रजिष्ट्रेशन" भन्ने शब्दहरू र "रजिष्ट्रेशन पास" भन्ने शब्दहरूको सट्टा "रजिष्ट्रेशन" भन्ने शब्द राखिएको छ ।

(४) ११ नं. पछि देहायको ११क. नं. थपिएको छः–

"११क. नं. ॥ ॥ आफ्नो हक पुग्ने अचल गैह्र बेचबिखन गर्दा र रजिष्ट्रेशन हुनु पर्ने लिखत गरी दिने व्यक्ति अड्डामा हाजिर हुन नसक्ने मनासिब कारण देखाई आफूले बेचबिखन गर्नुपर्ने अचल सम्पत्ति किटान गरी ऐनले वारिस दिन हुने जुनसुकै व्यक्तिलाई आफ्नो तर्फबाट हक छोडी बेचबिखन गर्न सक्ने गरी अख्तियार-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नामामा लेखी अदालती बन्दोवस्तको महलको ७१ ख. नम्बरको रीत पुर्‍याई अधिकृत वारिस मुकरर गर्न हुन्छ । त्यस्तो अधिकृत वारिसले आफूले पाएको अख्त्यारनामा भित्र रही वारिस दिनेको हकमा अधिकृत वारिसले नै रजिष्ट्रेशन गर्न हुन्छ ।"

(५) २५ नं. मा रहेको "म्यादभित्र रजिष्ट्रेशन गरी नदिंदा" भन्ने शब्दहरूको सट्टा "यसै महलको ९ नं. बमोजिम" भन्ने शब्दहरू राखिएका छन् र सोही नम्बरमा रहेको "पास" भन्ने शब्द झिकिएको छ ।

(६) ३५ नं. को देहाय दफा २ मा रहेको "अर्जी नलाग्ने गरी" भन्ने शब्दहरू झिकिएका छन् ।

(७) २ नं. र ७ नं. खारेज गरिएका छन् ।

११. मुलुकी ऐन चोरीको महलमा संशोधन : मुलुकी ऐन चोरीको महलको,–

(१) १० नं. को सट्टा देहायको १० नं. राखिएको छः–

"१० नं. ॥ ॥ चोरी मुद्दामा देहायबमोजिम गरी फैसला गर्नुपर्छ ––

डाँका बाहेक अरू प्रकारका चोरी मुद्दामा कुनै अभियुक्तले म्याद गुजारी फरार रहेकोमा वा हाजिर पक्राउ भएका अभियुक्तले आफू मुख साबित भई साक्षी वा मतियार भनी पोलेको अरू व्यक्तिले म्याद गुजारी फरार रहेकोमा ती फरारी हाजिर वा पक्राउ भएका बखत कारवाई फैसला गर्ने गरी निजहरूका हकमा मूलतवी राखी सो मुद्दामा अरू प्रतिवादीका हकमा म्यादभित्र ठहरे बमोजिम फैसला गर्नुपर्छ । मुद्दाको सबै प्रतिवादी एकै पटक हाजिर वा पक्राउ नभई पटक पटक बयान भई सबैका हकमा एकैचोटी मुद्दा फैसला गर्ने अंग नपुग्ने भएमा जसको हकमा अंग पुग्छ त्यसको हकमा म्यादभित्र फैसला गर्ने गर्नुपर्छ –– –– –– –– –– –– –– –– –– –– –– १

मूलतवी रहेकाका हकमा अभियुक्त पक्राउ नपरे वा हाजिर भएन भने पनि तीन वर्ष पुगेपछि मुद्दा खडा गरी बुझिएसम्मको प्रमाणबाट ठहरेबमोजिम फैसला गरिदिनुपर्छ –– –– –– –– –– –– –– –– –– २

सबै प्रकारको चोरी मुद्दामा बिगो जसले जति जति खाएको ठहर्छ उसबाट उति उति असूल गरी लिनुपर्छ । बिगो भराउँदा चोरी भएको माल पत्ता लागेमा सो माल नै भराई दिनुपर्छ । दाखिल भएको वा उपर भएको बिगोबाट भराई नपुगेकोमा धनीले सो बिगो खाने अपराधीको जायजात देखाई दरखास्त दिएमा सो बिगो सोही जायजातबाट भराई दिनुपर्छ र सरकारी चोरीको बिगो बाहेक अरूमा जायजातबाट उपर नभएको बिगोमा कैद गराई पाउँ भनी दण्ड सजायको महलको ४२ नम्बरबमोजिम धनीले दरखास्त दिएमा सो बिगो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एकसय रूपैयाँसम्म नपुगेकोमा दुई महीनासम्म, एकसय रूपैयाँभन्दा माथि पाँचसय रूपैयाँसम्म नपुगेकोमा छ महीनासम्म, पाँचसय रूपैयाँभन्दा माथि एक हजार रूपैयाँसम्म नपुगेकोमा एक वर्ष र सोभन्दा माथि जतिसुकै नपुगेको भए पनि दुई वर्षसम्म कैद गरी दिनुपर्छ -- -- -- -- ३"

(२) २८ नं. को अन्तमा देहायको वाक्यांश थपिएको छ:–

"पुनरावेदन गरे बापत थप सजाय गर्नु पर्दा लागेको जरीवानाको सयकडीले हुने थप जरीवाना नतिरे कैद गर्नु पर्दा यसै नम्बरबमोजिम हुने कैद थप गर्नुपर्छ । त्यसरी कैद गर्दा यसै महलको २७ नम्बरको हद नाघ्ने भएमा अदालती बन्दोवस्तको महलको २०३ नम्बरको ३ दफा बमोजिमसम्म कैद गर्नुपर्छ ।"

१२. <u>सजाय मिनहा हुने</u>: २०३३ साल श्रावण २८ गते अघि जारी मुद्दामा भएको अन्तिम फैसलाले उजूरवाला वा साक्षीलाई तत्काल प्रचलित कानूनबमोजिम कैदको सजाय भई कैद भोगिरहेको वा भोगी नसकेकोमा सो कैदको सजाय प्रचलित कानूनले उजूरवाला वा साक्षीलाई नहुने रहेछ वा हुन सक्ने सजायभन्दा बढी रहेछ भने यो ऐन प्रारम्भ भएपछि नहुनेमा सो सजाय वा बढी भएकोमा सो बढी जति स्वतः मिनहा हुनेछ ।

लालमोहर सदर मितिः– २०३४।९।२७।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।